स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक सुशान्त केसीपछि अर्को गायक दुर्गेश थापाले पनि फिल्म "कर्मा"का लागि गीत गाएका छन् । उनले केही दिनअघि नै रेकर्ड गरेको गीतको आइतबार भिडियो छायांकन गरिएको छ । जसमा दुर्गेश स्वयं प्रस्तुत छन् । उनको गीत फिल्मभित्रै समावेश गरिने जनाइएको छ । यतिबेला उनले गाएको "दुश्मन हेरेको हेर्‍यै" गीत सर्वाधिक चर्चामा छ । भिडियोलाई अर्को साता सार्वजनिक गर्ने तयारीमा निर्माण टिम छ ।

आजको विचार...



सुशासनका... (दुई पेजमा)

डा.माधव अधिकारी



गायक तथा अभिनेता प्रकाश सपूतको पहिलो निर्देशकीय फिल्म "वसन्त"को नयाँ गीत "हेर्दै आँखामा" सार्वजनिक गरिएको छ । आइतबार साँझ गायक सपूत स्वयंको युट्युब च्यानलबाट सार्वजनिक रोमान्टिक भावको गीतमा सुगम पोखरेल र समीक्षा अधिकारीको पार्श्व गायन, प्रकाश स्वंयको शब्द रचना तथा संगीत र योगेश काजी शाहको संगीत संयोजन रहेको छ । केविका खत्रीको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता प्रकाश सपूत र अभिनेत्री स्वस्तिमा खड्का प्रेमिल भावमा देखिएका छन् ।

❐ वर्ष ३० ❐ अंक २४६ ❐ २०८१ चैत १९ गते मंगलबार 1 April 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा १४जनाको मृत्यु

(रासस/एएफपी)

**गाजा सिटी, चैत १७**/प्यालेस्टिनी रेड क्रिसेन्टले आइतबार गाजा पट्टीमा एक हप्ता अघि एम्बुलेन्समा इजरायली सेनाको गोली लागेर मारिएका १४ उद्धारकर्ताको शव फेला पारेको बताएको छ ।

"अहिलेसम्म बरामद गरिएको शवको सङ्ख्या १४ पुगेको छ, जसमा प्यालेस्टाइन रेड क्रिसेन्ट टोलीका आठ इएमटी (आकस्मिक चिकित्सा प्राविधिक), पाँच सुरक्षा कर्मचारी र एक संयुक्त राष्ट्र एजेन्सी कर्मचारी छन्," समूहले एक विज्ञप्तिमा उल्लेख गरेको छ । यो कथन इजरायली सेनाद्वारा २३ मार्चमा गरिएको थियो । मृतक कर्मचारी कुन संयुक्त राष्ट्र सैको एजेन्सीमा काम गर्थे भन्ने कुरा स्पष्ट पारिएको छैन । इजरायली सेनाले आफ्ना सेनाले एम्बुलेन्सहरूलाई 'शंकास्पद सवारी साधन' को रूपमा पहिचान गरेपछि गोली चलाएको स्वीकार गरेको छ । लगभग दुई महिनाको युद्धविराम पछि सेनाले गाजामा मार्च १८ मा पुन: बमबारी सुरु गरेपछि इजिप्टको सीमा नजिकैको दक्षिणी क्षेत्रमा इजरायलले नयाँ आक्रमण गरेको केही दिनपछि रफाह सहरको ताल अल-सुल्तान क्षेत्रमा यो घटना भएको हो ।

शनिबार रेड क्रिसेन्टले इजरायली अधिकारीहरूले आफ्ना चालक दललाई खोजी अभियानको लागि अनुमति अस्वीकार गरेको आरोप लगाए ।

## यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको गुनासो

# 'पहिचान सहितको अधिकार प्राप्त गर्न अझै संघर्ष गर्नु परेको छ'

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत १८**/यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायले संविधानमा व्यवस्था भएअनुसार पहिचान सहितको अधिकार प्राप्त गर्न नसकेको गुनासो गरेका छन् । साहसी कदम नेपालको आयोजना र तानसेन नगरपालिकाको आयोजनामा सोमबार तानसेनमा भएको यौनिक तथा अल्पसंख्याक समुदायको तथ्याङ्कको लागि अन्तर्क्रिया र सचेतना कार्यक्रममा उनीहरुले पहिचान सहितको अधिकार संविधानमा व्यवस्था भए पनि अझै संघर्ष गर्नु परेको बताएका हुन् ।

साहसी कदम नेपालकी संस्थापक अध्यक्ष तथा यौनिक अल्पसंख्यक महिला हसिना क्षेत्रीले सरकारले पहिचान सहितको अधिकार संविधानमा उल्लेख गरे पनि प्रभावकारी कार्यान्वयन नगर्दा आफूहरूले समस्या भोग्नु परेको बताइन् । उनले आफुहरुको मुख्य लडाइँ पहिचान र समावेशिताको भएको उल्लेख गरिन् । कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको परिभाषा, उनीहरुको लैङ्गिक स्वभाव, कानुनी प्रावधान र



शब्दावलीसम्बन्धी प्रस्तुतीकरण गर्दै संस्थाकी कार्यक्रम निर्देशक रेसम न्यौपानेले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायमाथिको बुझाईमा केही परिवर्तन आएको र सो समुदायलाई स्वीकार गरिए पनि अझै विभेद र लाञ्छनाको अन्त्य नभएको बताइन् । उनले संविधानले नागरिकता पाउने हक सुनिश्चित गरे पनि नागरिकता लिनै सकस रहेको गुनासो गरिन् । न्यौपानेले नागरिकता लिन जाँदा मेडिकल जाँच गरेर पहिचानसहितको रिर्पोट लिएर आउनु भनेर फर्काइने गरेको र अनावश्यक प्रश्नको सामना गर्नुपरेको बताइन् । उनले भनिन्' स्वास्थ्य परीक्षण गर्नुपर्ने विषयमा हाम्रो आपत्ति होइन, तर परीक्षण गराउन जाँदा ५/६ जना डाक्टर वरीपरी बसेर हामीलाई नाङ्गै हुन लगाइन्छ, र पालैपालो हाम्रा यौनाङ्ग खेलाइन्छ । त्यसपछि मात्र कागज लेखेर पठाइन्छ ।' यस्तो यातना सहनु परेको उनको गुनासो छ । सामान्यतया कोही व्यक्ति शारीरिक रूपमा पुरुष भएर जन्मिए पनि भावनात्मक र अन्य हिसाबले आफूलाई महिलाका रूपमा मान्छ या कोही शारीरिक रूपमा महिलाका रूपमा जन्मिएर पनि भावनात्मक र अन्य हिसाबमा आफूलाई पुरुष ठान्छ भने उनीहरु लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय भित्र पर्ने गरेको संयोजक न्यौपानेले बताइन् । शरीर एक र आत्मा अर्को भएर जन्मनुमा न त उनीहरुको दोष हुन्छ न त उनीहरुको अविभावकको, फरक खालको यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका कारण यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्तिहरुमाथि विभिन्न लाञ्छना र अमानवीय व्यवहार हुने गरेको उनको गुनासो छ । हाम्रो समाजले अहिले पनि यो समुदायलाई स्वीकार गर्न नसकेको न्यौपानेले बताइन् । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भन्नाले लेस्बियन (महिला समलिङ्गी), गे (पुरुष समलिङ्गी), बाइसेक्सुअल (उभयलिङ्गी), ट्रान्सजेन्डर (पारालिङ्गी पुरुष/महिला), इन्टरसेक्स (अन्तरलिङ्गी), असेक्सुअल ( प्रत्यक्ष लिङ्ग वा लैङ्गिक इन्द्रिय नभएको) आदि समुदाय पर्दछन् । जसलाई छोटकरीमा 'एलजिबिटिआइक्युए' भन्ने गरिएको उनको भनाई छ । यो समुदाय खासगरी लैङ्गिक पहिचानसहितको जन्म दर्ता, नागरिकता तथा राहदानी, विवाह र प्रमाणपत्रको समस्याबाट पीडित रहेको न्यौपानेले बताइन् । आफ्नो लैङ्गिक पहिचानको संघर्षमा धेरै अगाडि बढिसकेपनि अझै आफ्नो परिवारले साथ नदिएको उनी सुनाउँछिन् ।

*-बाँकी अन्तिम पेजमा...*

## आज 'अप्रिल फूल'




**पाल्पा, चैत १८/** आज अप्रिल १ अर्थात् अप्रिल फुल । प्रत्येक वर्ष अप्रिल महिनाको १ तारिखको दिन झुटो बोलेर, ख्याल ठट्टा गरेर यो दिन रमाइलो गरिन्छ । यस दिनलाई विश्वका कयौँ देशमा 'अप्रिल फूल' को रुपमा मनाउने गरिन्छ । नेपालीमा 'मूर्ख दिवस' भन्ने गरिएको छ ।

आफ्ना साथीसंगी, छिमेकी तथा परिवारका सदस्यसँग ठट्टा गर्ने, उनीहरुलाई हुँदै नभएको कुरा सुनाएर मनोरञ्जन गर्ने तथा दु:ख दिएर मूर्ख बनाउनेलगायतका गतिविधि गरेर अप्रिल फूल अर्थात मूर्ख दिवस मनाउने गरिन्छ । सबैले एकअर्कालाई मूर्ख बनाएर यो दिन रमाइलो गर्छन् । अप्रिल फूल किन, कहिले र कसरी मनाउन थालियो भन्ने विश्वासिला कारणहरु भेटिँदैनन् । प्राय: मानिसको धारणा मुर्ख दिवसको जन्मस्थान फ्रान्स हो भन्ने छ । फ्रान्सको राजा चार्ल्स नवौँले सन् १५८२ देखि अप्रिल महिनाको पहिलो तारिखलाई अप्रिल फूल अर्थात एकले अर्कोलाई मूर्ख बन्ने र बनाउने कार्यको थालनी गरेका थिए । त्यतिबेला ग्रेगोरियन क्यालेण्डर अनुसार नयाँ वर्ष मार्च २५ तारिखका दिनदेखि अप्रिल १ सम्म नयाँ वर्षको रुपमा मनाउने गरिन्थ्यो ।

तर, जसले जनवरी १ मा नयाँ वर्ष मनाउन थाले । उनीहरूले अप्रिल १ मा नयाँ वर्ष मनाउनेहरूलाई मूर्ख बनाउन थाले । त्यसपछि अप्रिल १ का दिन झुक्काउने दिनको रुपमा मानिन्छ । यो दिनमा मानिसलाई झुक्याउँदा हाँसो ठठ्टा को रुपमा रमाइलो हुने गर्दछ । नेपालमा पनि अप्रिल फूल मनाउने प्रचलन छ । यो दिन एकअर्कालाई हानी नपुग्नेगरी रमाइलोका लागि एक छिनलाई मूर्ख बनाएर मनाइन्छ ।

## पत्रकार हत्या प्रकरण : पत्रकार महासंघले गरायो सरकारको ध्यानाकर्षण

पाल्पा, चैत १८/पत्रकार हत्या र मिडियामाथिको सुनियोजित आक्रमणको विरोध गर्दै नेपाल पत्रकार महासंघ पाल्पा शाखाले जिल्ला प्रशासन कार्यालयमार्फत सरकारको ध्यानाकर्षण गराएको छ ।

महासंघले शुक्रबार काठमाडौँमा भएको आन्दोलनमा समाचार सङ्कलन गर्ने क्रममा ज्यान गुमाएका पत्रकार सुरेश रजक र सञ्चारगृहमाथिको भएको आक्रमणको सत्यतथ्य पत्ता लगाएर दोषीमाथि कडा कारवाहीको माग गर्दै सोमबार सरकारको ध्यानाकर्षण गराएको हो । महासंघको अगुवाईमा गएका जिल्लाका पत्रकारहरुले प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीलाई भेटेर राजतन्त्र पक्षधरहरूको प्रदर्शनका क्रममा भएको सुनियोजित आक्रमणप्रति खेद प्रकट गर्दै सरकारको ध्यानाकर्षण गराएका हुन् । पत्रकार महासंघ पाल्पा शाखाका अध्यक्ष कमलराज तिमिल्सेनाले प्रमुख जिल्ला




अधिकारी सुवेदीमार्फत् सरकारलाई ध्यानाकर्षण पत्र बुझाए । ज्यान गुमाएका पत्रकारको हत्याबारे गहिरो अनुसन्धान गरी हत्यामा संलग्न सबैलाई फौजदारी अभियोगमा कारवाही गर्न तथा उनको परिवारलाई क्षतिपूर्ति दिन, सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि आक्रमण गर्ने सबैलाई कानुनी कठघरामा ल्याउन तथा क्षति पुर्‍याइएका सञ्चारगृह र सञ्चारकर्मीलाई यथोचित क्षतिपूर्तिका साथै घाइते पत्रकारको उपचारको प्रबन्ध मिलाउन महासंघ पाल्पा शाखा जोडदार माग गर्दछ । विगतमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का घटनाहरूमा संलग्नहरूलाई तत्काल कानुनी कारवाही गर्न र भविष्यमा सञ्चारमाध्यम र सञ्चार कर्मीको सुरक्षाको उचित प्रबन्ध मिलाउन पनि महासंघले सरकारको ध्यानाकर्षण गराएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मूर्ख दिवसमा सतर्क रहौं

आज अप्रिल १ । यस दिनलाई विश्वका कयौँ देशमा 'अप्रिल फूल' को रुपमा मनाउने गरिन्छ । नेपालीमा 'मूर्ख दिवस' भन्ने गरिएको छ । आफ्ना साथीसंगी, छिमेकी तथा परिवारका सदस्यसँग ठट्टा गर्ने, उनीहरुलाई हुँदै नभएको कुरा सुनाएर मनोरञ्जन गर्ने तथा दुःख दिएर मूर्ख बनाउने लगायतका गतिविधि गरेर अप्रिल फूल अर्थात मूर्ख दिवस मनाउने गरिन्छ । सबैले एकअर्कालाई मूर्ख बनाएर यो दिन रमाइलो गर्छन् । अप्रिल फूल किन, कहिले र कसरी मनाउन थालियो भन्ने विश्वासिला कारणहरु भेटिँदैनन् ।

हरेक देशमा आ–आफ्नो ढंगले यो दिवस मनाइए पनि हरेक व्यक्तिको उद्देश्य चाहिँ रमाइलो गर्नु नै हो । मानिस एक सामाजिक प्राणी हो । उसलाई विभिन्न मनोरञ्जनका कार्य आवश्यक पर्छ । यस्ता किसिमका दिवस या पर्वहरूले मानिसलाई आमोदप्रमोद प्राप्त गर्न मद्दत मिल्छ । यस्तै थुप्रै संसारभरिका विभिन्न जातजाति, धर्म, भेषभूषा, चलनचल्ती र भाषाभाषीहरूको आ–आफ्नो मौलिक संस्कृति पनि हो । यस्ता किसिमका परम्पराहरूलाई सम्बर्द्धन तथा जगेर्ना गर्नु सम्पूर्ण मानवहरूको परम कर्तव्य पनि हो । तर रमाइलोका नाममा कसैले दुख र सास्ती पाउनु राम्रो हैन । यस दिन नेपालसहित विश्वभरका मान्छेहरु एक अर्कालाई मुर्ख बनाउने र झुट बोल्ने, ठट्टा गर्ने गर्दछन् । यसबाट सतर्क चाही रहनुपर्छ । यस दिवसको सन्दर्भमा साधारण हाँसो र ढाँट्ने क्रममा धेरैले असाधारण घटनाको सामना समेत गर्नुपरेका समाचार पनि सुन्नमा नआएको होइन । मज्जा गर्ने नाममा अरुलाई दुःख दिनु चाही राम्रो होइनन् । कुनै पनि संकृति पर्व र दिवस मनाउँदा त्यसको मौलिकताको अनुसरण गर्नुपर्छ । तर क्षणिक मनोरञ्जनका लागि कसैलाई आघात पर्ने गरी गर्नु किमार्थ उचित हुँदैन । मूर्ख दिवसलाई संस्कृतिका रुपमा मात्र मनाउऔं । अरुलाई दुख पीडा दिने गरी दिवस नमनाऔं । यसर्थ यस दिन हुनसक्ने सम्भावित घटनाबाट सबै सतर्क रहौं ।

### Opinion @ Social Network

आफ्नै कमाइले बनाएको एउटा सानो घर,
अरूको आशाले बनेको महलभन्दा लाखौं गुणा राम्रो हुन्छ।
*(समिर परियारको फेसबुक स्टाटस https://www.facebook.com/pariyar.samir)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुशासनका कसीमा सरकार



डा.माधव अधिकारी

नेपालमा शासनको परम्परा प्राचीनकालदेखि नै सुरु भएको हो । विभिन्न कालखण्डमा गरिएका प्रयोगहरू बेग्लाबेग्लै शैलीका भए पनि महत्वपूर्ण मानिन्छन् । किरातकालीन प्राचिन नेपालको शासन पद्धतिमा राज्यलाई अनेक थुममा विभाजन गरिएको थियो । प्रत्येक थुममा जनताले चुनेका पाँचजना पञ्च रहन्थे । थुमभन्दा मुनि गाउँ रहन्थे । प्रत्येक गाउँमा त्यहाँका बासिन्दाले विचारी, मुखिया चुन्दथे । यस कालको थुम अनेक जिल्लामा विभाजन गरिएको थियो भने विभिन्न थुमअन्तर्गत ग्रामहरू रहने व्यवस्था थियो । किरातहरूले व्यवस्थित शासन व्यवस्थामात्र होइन स्थानीय स्वशासनका परम्पराको समेत विकास गरेका थिए । सुशासनविना स्थानीय प्रजातन्त्रको विकास र जगेर्ना हुनसक्तैन जबकि स्थानीय प्रजातन्त्रको विकासले स्थानीय सुशासनलाई बल पुऱ्याउँछ । प्रजातन्त्र नै जनताको प्रशासनमात्र नभएर सुशासन पनि हो ।

*राजा मानदेवको पालादेखि (४६४–५०० ई) लिच्छवीकालको स्पष्ट जानकारी पाइन्छ । लिच्छवी शासनकालको प्रशासन व्यवस्था सोझै केन्द्रबाट शासन गरिने देश र केन्द्रको अधिनमा रही सामन्तद्वारा शासन गरिने देश गरी दुई खण्डमा विभाजित थियो । जिल्लालाई विषय भनिन्थ्यो र स्थानीय प्रशासनलाई चलाउने विषयपति हुन्थे । यसरी केन्द्र सामन्त, विषय एकातिर थिए भने ग्राम, तल र द्रङ स्थानीयतहमा थिए । जसमध्ये ग्रामपञ्चालीको व्यवस्था स्थानीय तहमा थियो । ग्राम पञ्चालीको सदस्य स्थानीयपाँच बुढापाकाले स्थानीय विवाद समाधान गर्ने, कर उठाउने, चोरी, डकैति, हत्या, व्यभिचार र विवाह विच्छेद जस्ता पञ्चपराध हेर्दथे ।*

राजा मानदेवको पालादेखि (४६४–५०० ई) लिच्छवीकालको स्पष्ट जानकारी पाइन्छ । लिच्छवी शासनकालको प्रशासन व्यवस्था सोझै केन्द्रबाट शासन गरिने देश र केन्द्रको अधिनमा रही सामन्तद्वारा शासन गरिने देश गरी दुई खण्डमा विभाजित थियो । जिल्लालाई विषय भनिन्थ्यो र स्थानीय प्रशासनलाई चलाउने विषयपति हुन्थे । यसरी केन्द्र सामन्त, विषय एकातिर थिए भने ग्राम, तल र द्रङ स्थानीयतहमा थिए । जसमध्ये ग्रामपञ्चालीको व्यवस्था स्थानीय तहमा थियो । ग्राम पञ्चालीको सदस्य स्थानीयपाँच बुढापाकाले स्थानीय विवाद समाधान गर्ने, कर उठाउने, चोरी, डकैति, हत्या, व्यभिचार र विवाह विच्छेद जस्ता पञ्चपराध हेर्दथे ।

लिच्छवीहरू पछि मध्यकालमा प्राय: मल्ल राजाहरूले शासन गरे यसबेला केन्द्र र स्थानीय शासन थियो, लिच्छविहरूको शैली अपनाई विषय (जिल्ला) लाई थुम, बस्ती, ग्राम तथा टोल, उमरा, आदिले स्थानीय प्रशासन चलाउँदथे । मध्यकाल उल्लेखनीय नभए पनि पञ्चायत, पञ्चाली र पछि पञ्चसमूच्यय, पञ्च जस्ता संस्थाले स्थानीय तहमा लोकप्रियता लिएको पाइन्छ । पृथ्वीनारायण शाहबाट विभिन्न बाईसे-चौबीसे-साना राज्यहरूलाई मिलाई एउटा विशाल मुलुकको रूप दिने काम भएको थियो । यसलाई राजनीतिक एकीकरण मात्र मान्न उपयुक्त हुन्छ । पृथ्वीनारायण शाहले आफ्ना भारदारलाई दिएमो दिव्य उपदेशमा नेपाल चार वर्ण छत्तीस जातको फूलबारी भनेका थिए । यस दिव्य उपदेशबाट नै थाह लाग्दछ कि उनको कसैप्रति भेदभाव थिएन, सबैलाई समान अवसर दिनु र समान व्यवहार गर्नु उनको प्रमुख नीति थियो तर वि.सं. १९१० मा राणा प्रधानमन्त्री जंगबहादुरले मुलुकी ऐन लागू गराई नेपाली जनतालाई ठूला, साना, छुत-अछूत, तागाधारी र मतवालीमा विभाजत गरे । तत्पश्चात धर्म, लिंग, जातजाति आदिका आधारमा नेपाली जनता आपसमा विभक्त भई नेपाली समाजमा असमानता र वैमनस्य कायम भयो । यस कालमा शक्ति विकेन्दीकरणको ठीक उल्टो राजालाई समेत निस्क्रिय र अधिकारविहिन बनाई शक्ति केन्द्रीकरण गरिएको थियो जहाँ सुशासनको कल्पनासमेत गर्न सकिँदैनथ्यो । नेपालमा स्थानीय सरकारको स्थापना जे जस्तो भए पनि राणाकालदेखि नै प्रयास भएको पाइन्छ । सन् १९२६ को विधान अनुसार मान्यजन कचहरीको स्थापना र २००४ सालको वैधानिक कानुनले स्थापित गर्ने प्रयास पञ्चायती एकाइ यसका उदाहरण हुन् । २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि पनि शासनलाई बलियो बनाउने काम लामो समय हुन सकेन । २०१९ सालमा नेपालको संविधान घोषणा गरेपश्चात पञ्चायती व्यवस्था स्थापना गरियो तर जनहितमा कार्य हुन सकेन । २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्थाको पुनस्थापना गरेपछि तीनपटक आमनिर्वाचन भयो तर पटकपटक सरकार परिवर्तन भए । सोचेअनुसार देशमा सुशासन कायम हुन सकेन, जनता अधिकार सम्मन्न हुन नपाएको भनी २०६२/०६३ सालको जनआन्दोलन भयो ।

उक्त लोकतान्त्रिक जनआन्दोलन पश्चात् नेपालमा २०६४ साल चैत २८ गते संविधानसभा निर्वाचन भयो । सो संविधानसभा दुई वर्षभित्र नेपालको संविधान बनाउने भनिए तापनि पटकपटक म्याद थप्दै २०६९ जेठ १४ गते संविधान बनाउन नसकी भंग भएको थियो । दोस्रो संविधान सभाको सदस्यहरूको निर्वाचन विसं २०७० मंसिर ४ गते सम्पन्न भयो र अन्तत: २०७२ असोज ३ गते यसै संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भयो । नेपालको संविधान नेपाली जनताको सात दशकको अथक प्रयासबाट प्राप्त भएको हो । युगीन यो पलको अपेक्षासहित नेपाली जनताले गरेको जनआन्दोलनको अभिलाशा र गरीमामयको सार्थकतानै शासन व्यक्तिको होइन विधिको हुनुपर्छ भन्ने लोकतान्त्रिक मान्यता हो । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले सामन्त, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेको सबै प्रकारका विभेद र उत्पीडन अन्त्य गर्ने, बहुभाषिक, बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी ऐक्यवद्ध, सामाजिक, सहिष्णु र सदभावनालाई संरक्षण एवं प्रवद्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका छुवाछूतको अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै वर्तमान नेपालको संविधान जारी भएको पाइन्छ । संविधानले संघीय लोकलान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा गरेको छ । प्रतिस्पर्धात्पक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा निष्पक्ष, सक्षम न्यापालिका र कानुनी राज्यको अवधारणा सुनिश्चित गरको छ । साथै लोकतान्त्रिक मूल्य, मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्धता राखी समृद्ध राष्ट्र निर्माण गर्ने संकल्प गरको छ । संविधान अनुसार संघ, प्रदेश र स्थानीय गरी राज्यको तीन तहलाई संवैधानीक व्यवस्था गरिएको पाइन्छ । देश निर्माणमा यी तीनै तहको महत्वपूर्ण भूमिका हुन्छ र सो का लागि तीनै तहमा सुशासन कायम हुन अति आवश्यक छ । नेपालको सन्दर्भमा हाल प्रदेश सरकारको औचित्यमाथि ठूलो प्रश्न उठ्ने गरेको छ ।

मानव सभ्यता विकासको क्रममा मानवजाति राज्य सञ्चालनको प्रक्रियामा समावेश हुन थालेपछि अधिकार र दायित्वको बाँडफाँट बहस सुरु भएको हो । केन्द्रीकृत र विकेन्द्रित राज्य पद्धतिको विषय नवीन होइन तर प्रजातान्त्रिक शासन पद्धतिको मौलिक मान्यता विकेन्द्रीकरण हो । केन्द्रमा रहेको शक्ति, अधिकार, दायित्व, साधनस्रोत जति तल्लो निकाय तह र वर्गमा नि:सृत हुँदै जान्छ त्यति नै प्रजातन्त्रिक शासन व्यवस्थाले सार्थकता पाएको ठानिन्छ । सो अनुसार, सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने गयो भन्ने भनाई रफयो । सो क्रममा दिगो विकासको प्रक्रियालाई सबल बनाउन समाजमा रहेका कमजोर वर्गसम्म विकासको प्रतिफल पुग्न सकोस् भन्ने अभिप्रायले स्थानीय सरकारलाई समाज विकासको प्रमुख निकायको रूपमा प्रस्तुत गरियो । लोकतन्त्रको सफल प्रयोग आमजनताले अनुभूत रूपमा गर्नसक्ने, सहभागी बन्नसक्ने, निर्णय निर्माण र निरूपणमा भूमिका खेल्ने सुशासन हुनसक्छ भन्ने रफयो । सबै क्षेत्रका जनतालाई बढी अधिकार सम्पन्न र उत्तरदायी बनाउनुमा नै लोकतन्त्रको सार्थकता रहनुपर्ने हो । आफ्नो राज्यको भाग्य निर्माण जनता आफैंले गर्नुपर्ने हो । मुलुकको चौतर्फी विकास, जनताको सक्रिय सहभागिता जुटाई स्थानीय सरकारले विकासका लागि सुशासन सशक्त बनाउन बनाउनुपर्ने हो । लोकतन्त्रको मूल आधार स्थानीय सुशासन हो । स्थानीय सुशासनको भरमा केन्द्रीय शासनको कार्यबोझ कम हुन्छ । राष्ट्रिय विकासको आधारभूमि नै स्थानीय सुशासन हो । विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्राणाली, जनतामा निहित सार्वभौमसत्ता, जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, कानुनको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यापालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाको पूर्ण परिपालन गर्ने राजनीतिक प्रणाली अवलम्बन गरी भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्दै सुशासन कायम गर्ने कार्य राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यसरी सुशासन राज्यको दायित्वको रूपमा संविधानले नै अंगिकार गरेको अवस्था छ । सुशासनको कसीमा संघ, प्रदेश र स्थानीय सरकार छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मविश्वास बढ्नेछ । अनावश्यक विवादमा नपर्नुहोस् । | **तुला** : घरपरिवारमा खुसीयाली छाउनेछ। सानातिना समस्याले मन दुःखी हुन सक्छ। |
| **वृष** : आर्थिक लाभको सम्भावना छ। पारिवारिक जीवन सुखमय रहनेछ । | **वृश्चिक** : परिश्रम अनुसार प्रतिफल पाइनेछ। परिवारसँग समय बित्नेछ। |
| **मिथुन** : महत्वपूर्ण निर्णय लिनुपर्ला। व्यावसायिक क्षेत्र मजबुत रहनेछ । | **धनु** : नयाँ अवसर प्राप्त हुनेछ। अध्ययन तथा अध्यापनमा सफलता मिल्नेछ । |
| **कर्कट** : दाम्पत्य जीवन सुखी रहनेछ । नयाँ जिम्मेवारी मिल्ने सम्भावना छ । | **मकर** : व्यावसायिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ। स्वास्थ्यमा ध्यान दिनुहोस् । |
| **सिंह** : महत्वपूर्ण कार्य सफल हुनेछन्। खर्चमा नियन्त्रण राख्नुहोस् । | **कुम्भ** : आर्थिक लाभको अवसर मिल्नेछ। यात्राको सम्भावना छ। |
| **कन्या** : प्रेमसम्बन्धमा सुधार आउनेछ। नोकरी र व्यापारमा सफलता मिल्नेछ। | **मीन** : पुराना योजना सफल हुनेछन्। स्वास्थ्यमा ध्यान दिनुहोस्। |

# विज्ञान/सूचना प्रविधि

## आइफोनभन्दा एन्ड्रोइड स्मार्टफोन किन सस्तो हुन्छ ?



आमरुपमा बजारमा उपलब्ध एप्पलका फोनकोहरु एन्ड्रोइड स्मार्टफोनको तुलनामा अधिक महंगा हुन्छन् । एप्पलको सबैभन्दा सस्तो स्मार्टफोनको मूल्य नै यतिधेरै हुन्छ कि त्यो मूल्यमा दुईवटा प्रिमियम एन्ड्रोइड स्मार्टफोन नै आउँछन् ।

आखिर उहीँ काम गर्ने स्मार्टफोनहरु बीचको मूल्यको यतिधेरैअन्तर किन होला ? वास्तवमा स्मार्टफोनको मूल्य तयर हुनुका पछाडि विभिन्न कारण हुन्छन् । त्यसमा पनि सबैभन्दा ठूलो तत्व चाहीँ त्यसमा पाइने सफ्टवेयर अर्थात् अपरेटिंग सिस्टम हुन्छ । यसले नै कुनैपनि स्मार्टफोनले कसरी काम गर्छ भन्ने कुरा तय गर्दछ । अपरेटिंग सिस्टमले नै फोनको पर्फर्मेन्स, सुरक्षा तथा फिचरहरु तय गर्दछ । एप्पलको आइओएस वाला फोन महंगो पर्नुको मूख्य कारण यहीँ अपरेटिंग सिस्टम नै हो ।

**सफ्टवेयरका कारण फोनको मूल्यमा अन्तर**

आइओएस तथा एन्ड्रोइड दुबैको सफ्टवेयर भिन्न भिन्न तरिकाले विकास गरिएको हुन्छ । एप्पल आइओएसको सफ्टवेयर पूर्ण रुपमा एप्पलको नियन्त्तणमा हुन्छ । आइओएसमा अपडेटदेखि लिएर नयाँ फिचरहरु जोड्ने सम्मको सम्पूर्ण काम एप्पल आफैले गर्दछ । एप्पल एक प्रोप्राइटरी सफ्टवेयर हो जसमा परिवर्तन गर्ने अधिकार केवल एप्पलसँग मात्रै हुन्छ । अर्कोतर्फ गुगलको एन्ड्रोइड चाहीँ ओपन सोर्स हुन्छ । अर्थात् यसमा कुनैपनि स्मार्टफोन कम्पनीले आफ्नो चाहना अनुसार परिवर्तन गर्न सक्दछ । सामसुंग, साओमी, ओप्पो, मोटोरोला जस्ता विभिन्न स्मार्टफोन कम्पनीहरुले एन्ड्रोइडलाई आफ्नो हिसाबले कस्टमाइज गरेर फोन लन्च गर्दछन् । सोही कारण एन्ड्रोइड डिभाइसहरुको मूल्यमा पनि ठूलो अन्तर पाइन्छ ।

**विकास तथा अनुसन्धान**

आइओएस सफ्टवेयरहरु एप्पलले आफ्नै रेखदेखमा विकास गर्दछ । यसमा कुनै दोश्रो कम्पनीको हस्तक्षेप हुँदैन । सोही कारणले गर्दा यसको विकासमा भारी खर्च हुन्छ । आइओएसको केवल एउटा डेभलपर हुनुका कारणले एप्पलका फोनको मूल्यको पूर्ण नियन्त्रण एप्पलसँग हुन्छ र सोही कारण एप्पलका फोन महंगो पर्दछन् ।

अर्कोतर्फ एन्ड्रोइड स्मार्टफोन विभिन्न कम्पनीहरुले निर्माण गर्दछन् । त्यसैले फोनको निर्माणमा कम खर्च आउँछ । बजारमा अधिक विकल्प भएका कारणले गर्दा कम्पनीहरुले मूल्य पनि कम राखेका हुन्छन् ।

**सुरक्षा तथा गोपनियता**

एप्पलले आइओएसलाई आफ्नो नियन्त्रणमा राख्दछ । ओपन सोर्स नहुनुका कारणले गार्द एप्पलका डिभाइस निकै सुरक्षित हुन्छन् । यसमा भाइरस तथा ह्याकिंगको खतरा पनि कम रहन्छ । एप्पलले आफ्ना डिभाइसको सुरक्षास्तर उच्च राख्दछ, जसका कारण मूल्य पनि बढ्दछ । उता एन्ड्रोइड स्मार्टफोनमा सुरक्षा फिचर्स मजबुत त हुन्छन् तर ओपन सोर्स सफ्टवेयर हुनुका कारणले त्यसलाई कम्पनीहरुले आफ्नो अनुरुप कस्टमाइज गर्दछन् । सोही कारणले एन्ड्रोइड फोनमा सेफ्टी तथा प्राइभेसी स्टाण्डर्ड पनि फरक फरक हुन्छ । एन्ड्रोइडका सस्तो फोनमा कम सुरक्षा प्राप्त हुन्छ, जबकि प्रिमियम फोनको सुरक्षास्तर उच्च हुन्छ ।

*-अनलाइन खबर डटकम*

## युरोपमा टेस्लाको बिक्री ४४ प्रतिशतले घट्यो



युरोपमा अमेरिकी ईभी निर्माता कम्पनी टेस्लाका गाडीको बिक्री ४४ प्रतिशतले घटेको छ ।

टेस्लाका मालिक एवं विश्वकै धनाढ्य अर्बपति उद्यमी एलन मस्क हाल विवादमा छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनमा प्रभाव पार्न थालेयता मस्कका गतिविधिको युरोपमा समेत विरोध भइरहेको छ । अमेरिकाको टेक्सास आधारित विद्युतीय कार निर्माता टेस्लाले गत महिना ( फेब्रुअरी)भरि युरोपमा १६ हजारभन्दा कम गाडी बिक्री गरेको छ । यो बिक्री युरोपियन युनियन (ईयू)का २५ देश, बेलायत, नर्वे र स्विट्जरल्यान्डमा ४४ प्रतिशतको गिरावट हो । गत महिना फेब्रुअरीमा टेस्लाको बजार हिस्सा ९.६ प्रतिशतले घटेको छ, जुन पाँच वर्षयताकै कम हो । जनवरी महिनामा युरोपभरि टेस्लाको बिक्री ४५ प्रतिशतले घटेको थियो । सन् २०२४ को फेब्रुअरीमा १८ हजार १६१ गाडी बिक्री भएका थिए । गत फेब्रुअरीमा भने ९ हजार ९४५ गाडीमात्रै टेस्लाले युरोपमा बिक्री गरेको छ । तर, बेलायतमा मात्रै गत महिना टेस्लाका नयाँ गाडीको दर्ता २१ प्रतिशतले बढेको बताइएको छ ।

## नेपाल टेलिकमको एसइई अफर २०८१




नेपाल टेलिकमले २०८१ सालको एसइई परीक्षामा सहभागी विद्यार्थीहरूका लागि विशेष 'एसइई अफर २०८१' सार्वजनिक गरेको छ। यो अफर अन्तर्गत रु.२० मा सिम कार्ड उपलब्ध हुने तथा थप बोनस अन रिचार्ज सुविधा समेत प्राप्त हुने टेलिकमले जनाएको छ । अफर २०८१ चैत १५ देखि २०८२ असार ३० गतेसम्म लागू हुनेछ ।

नेपाल टेलिकमका अनुसार देशभरका कार्यालयहरूबाट विद्यार्थीहरूले सिम कार्ड प्राप्त गर्न सक्नेछन्। सिम सक्रिय भएपछि ३० दिनसम्म विभिन्न अफरहरू उपलब्ध हुनेछन्। पहिले नै नेपाल टेलिकमको सिम प्रयोग गरिरहेका परीक्षार्थीहरू पनि यस अफरको लाभ उठाउन सक्ने व्यवस्था गरिएको छ ।

**सिम एक्टिभ गरेपछि प्राप्त हुने सुविधा**

- नयाँ सिम कार्डमा रु. ९.८० मेन ब्यालेन्स उपलब्ध हुनेछ। जसले जुनसुकै नेटवर्कमा कल गर्न, एसएमएस पठाउन वा डाटा चलाउन सकिनेछ। साथै, ३० दिनसम्म हरेक दिन

**नेपाल टेलिकम नेटवर्कभित्र २० मिनेट नि:शुल्क भ्वाइस सेवा**

- १० वटा एसएमएस पठाउने सुविधा
- ५०० एमबी मोबाइल डाटा
- यी सुविधाहरू त्यसै दिनका लागि मात्र मान्य रहनेछन्।

**सिम लिन आवश्यक कागजातहरू**

विद्यार्थीले एसइईको प्रवेश पत्र वा कक्षा १० को मार्कसिटको फोटोकपी, एकप्रति फोटो तथा आृनो वा अभिभावकको नागरिकता, राष्ट्रिय परिचयपत्र वा अन्य सरकारी प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी फाराम भर्नुपर्नेछ।

**सिम सक्रिय गर्ने तरिका**

- नयाँ सिम कार्ड सक्रिय गर्नका लागि
- *१४१४# डायल गर्नुपर्नेछ।
- *१६००# डायल गरी निर्देशन पालना गर्नुपर्नेछ।
- *१६००# डायल गर्दा निर्देशनअनुसार एसइई सिम्बोल नम्बर (अल्फाबेट बिना) टाइप गरी पठाउने।
- जन्म मिति विक्रम संवत् (वि.सं.) वर्ष, महिना, गते (जस्तै: २०६१०१०१) को ढाँचामा टाइप गरी पठाउने।

**बोनस अन रिचार्ज अफर**

- रु. ५० वा सोभन्दा बढी रिचार्ज गर्दा
- ५०० एमबी डाटा

**नेपाल टेलिकम नेटवर्कभित्र ५० मिनेट नि:शुल्क कुराकानी**

- ५० वटा अन-नेट एसएमएस सुविधा
- रिचार्जमा प्राप्त हुने बोनस ३ दिनभित्र प्रयोग गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ।

नेपाल टेलिकमले एसइई परीक्षार्थीहरूलाई डिजिटल कनेक्टिभिटीमा जोड्ने लक्ष्यसहित यो विशेष अफर ल्याएको जनाएको छ ।

*-हाम्रा कुरा डटकम*

## टिकटकले ल्यायो नयाँ सुरक्षा जाँच प्रविधि




भिडियो सेयरिङ प्लेटफर्म 'टिकटक'ले सेक्युरिटी चेकअप नामक नयाँ सेक्युरिटी टुल अर्थात् सुरक्षा जाँच प्रविधिको घोषणा गरेको छ । यो 'सेन्ट्रलाइज्ड ड्यासबोर्ड' प्रयोगकर्तालाई आफ्नो खातालाई सजिलै सुरक्षित गर्न मद्दत गर्न डिजाइन गरिएको हो ।

यो उपकरण एपमा रहेको 'सुरक्षा र अनुमति' विकल्पअन्तर्गत 'सेटिङ्स र गोपनीयता' खण्डमा फेला पार्न सकिन्छ । यसले विभिन्न सुरक्षा विकल्पहरू प्रदान गर्छ ।

जस्तै तपाईंको खातालाई फोन नम्बर वा इमेल ठेगानामा लिङ्क गर्ने, तपाईंसँग लग इन गर्ने ब्याकअप विधि सुनिश्चित गर्न दुई-कारक प्रमाणीकरण गर्ने र अनुहार पहिचान वा फिङ्गरप्रिन्ट जस्ता बायोमेट्रिक प्रमाणीकरण लगइन विकल्प प्रदान गर्छ । सुरक्षा चेकअप टुलले खातासँग सम्बन्धित उपकरण हेर्ने कुनै पनि अज्ञात वा अब प्रयोगमा नरहेको यन्त्रमा पहुँच रद्द गर्ने, खातामा हुने कुनै पनि शङ्कास्पद गतिविधिको निगरानी गर्ने र उपयुक्त कारबाही गर्न प्रयोगकर्तालाई सचेत गर्छ ।

साइबर आक्रमणहरू बढ्दै गएको बेला टिकटकले सुरक्षा मापदण्ड बढाउने प्रयास गरेको जनाएको छ ।

*-उज्यालो खबर डटकम*

**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

**गुल्मी दरबार गाउँपालिकाको अनुरोध**

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| भेषराज घिमिरे | तारा थापा ढेंगा | सरोजकुमार थापा |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**तानसेन नगरपालिकाको अनुरोध**

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

| पिताम्बर पाण्डे | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# गणतन्त्रको पक्षमा एमालेको मोटरसाइकल ऱ्याली

**कृष्ण पोखरेल**

**पाल्पा, चैत १८**/नेकपा एमाले पाल्पाले लोकतान्त्रिक गणतन्त्रलाई सफल र सुढृड बनाउन आह्वान गर्दै तानसेनमा मोटरसाइकल ऱ्याली गरेको छ । नेकपा एमाले पाल्पाले पोलिटिव्युरो सदस्य खिमलाल भट्टराईको नेतृत्वमा तानसेनको टुँडिखेलबाट मोटरसाईकल ऱ्याली गरी नगर परिक्रमा गरेको हो ।



एमाले निर्वाचन चिन्ह सूर्य र पार्टी झण्डासहित कार्यकर्ताहरु गणतन्त्रको पक्षमा नाराबाजी गर्दै मोटसाइकल ऱ्यालीमा सहभागी भए । तानसेनको टुँडिखेल, भिमसेनटोल, नारायणस्थान, मेहलधारा, गैरागाउँ, भुसालडाँडा, शिवालय, भगवतीटोल, अशनटोल, मखनटोल, सिल्खानटोल टक्सार हुँदै पुनः टुँडिखेलमा पुगेर मोटरसाइक्ल ऱ्याली कोषसभामा परिणत भएको थियो । एमाले कार्यकर्ताहरुले, अराजकता चाहिदैन, शान्ती सुरक्षा कायम गर, तिनकुने घटनाका दोषीहरुलाई कारवाही गर, राजतन्त्र चाँहिदैन जस्ता नारा लगाउँदै ऱ्याली गरेका थिए । कोणसभालाई सम्बोधन गर्दै एमाले पोलिटिव्युरो सदस्य खिमलाल भट्टराईले दुई/चार जना बोल्दै, लुटतन्त्र मच्चाउँदैमा, अराजक गतिविधी गर्दैमा सजिलै गणतन्त्र हटेर राजतन्त्र नआउने ठोकुवा गरे । राजावादीहरुले पैसाको भरमा, गुण्डागर्दीको भरमा, सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति तोडफोड लुटपाट तथा हत्या हिंसाको भरमा राजतन्त्र ल्याउन खोज्नु मुर्खता मात्र भएको एमाले स्थायी कमिटी सदस्य भट्टराईले बताए । कुनै पनि व्यवस्था, विधि, प्रक्रिया, जनमतको आधारमा मात्र परिवर्तन हुने भएकाले राजावादीको अराजक गतिविधीले गणतन्त्र अझै बलियो भएको उनको भनाई छ । कोणसभालाई सम्वोधन गर्दै नेकपा एमालेका अध्यक्ष ओमबहादुर घर्तीमगर, सचिव रामजी पोखरेल लगायतले लोकतान्त्रिक गणतन्त्रलाई सफल र सुढृड बनाउन जिल्ला-जिल्लाबाट राजनीतिक कार्यकर्ताहरुले सक्रिय भूमिका खेल्ने बताए । लोकतान्त्रिक गणतन्त्रमा मात्र सबैको अधिकार सुनिश्चित हुने भएकोले गणतन्त्रको विकल्प गणतन्त्र नै भएको एमाले कार्यकर्ताले जोड दिए ।

# यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको गुनासो...

... न्यौपानेले भनिन्‘ पितृसत्तात्मक सोच भएको व्यक्तिहरुमाझ हुर्कंदा मेलै धेरै कुरा भोग्नु परेको छ । शरिर पुरुषको तर आत्मा र भावना महिलाको भएपछि मेलै महिलाको पहिरन लगाँउदा मेरो आयु छोटो हुन्छ भन्ने जस्ता कुरा पनि सुन्नु पऱ्यो ।’ आफ्नो समुदाय माथि हुने सबैखाले विभेद अन्त्य गरी सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार सुनिश्चितताका लागि तीनै तहका सरकारले ध्यान दिनुपर्नेमा उनले जोड दिइन् ।

कार्यक्रममा तानसेन नगर पालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तेस्रो लिङ्गीहरुको समस्याप्रति नगर सरकार गम्भीर रहेको बताए । उनले यौनिक अल्पसंख्याहरुको लागि स्थानीय सरकारको नीति, कार्यक्रम तथा बजेटमै समावेश गर्दै आएको र आगामी दिनमा पनि बजेट विनियोजन गर्दै जाने उल्लेख गरे । उपप्रमुख प्रतिक्षा सिंजालीले सचेतनामूलक कार्यक्रम प्रभावकारी बनाएर लैजान सके समाजमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन हुने बताइन् । उनले संविधानमा व्यवस्था भए बमोजिम यो समुदायको अभियानमा नगर सरकारले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् । नगर पालिकाका प्रमुख प्रशासकिय अधिकृत पिताम्वर पाण्डेयले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुहरुमा समाज र देशका लागि योगदान दिन सक्ने क्षमता रहेको बताए । उनले समुदायमा खुलेर हिड्न समेत आग्रह गरे । कार्यक्रममा साहसी कदम नेपालकी सदस्य इन्द्रा देवी सारु मगरले आफु यौनिक अल्पसंख्याक नभए पनि उनीहरुसँग राम्रो संगत रहेको बताइन् । उनले यस्ता समुदायका व्यक्तिहरुलाई समस्या पर्दा सहयोग गर्ने हुँदा आफुलाई साथीहरुबाट नराम्रो दृष्टिकोणले हेर्ने गरेको समेत गुनासो गरिन् । सारुले भनिन् ‘ साथी, संघसंस्थाहरु छोडे तर यी समुदायका व्यक्तिहरुलाई सहयोग गर्न छोडेकी छैन, अहिले संस्थाको लागि कार्यालय समेत मेरै घरमा राख्न निशुल्क दिएकी छु ।’ पाल्पा संयोजक तथा यौनिक अल्पसंख्यक महिला सानु खनालले पाल्पामा पनि थुप्रै यौनिक अल्पसंख्यकहरु भएकाले उनीहरुलाई बाहिर ल्याउने प्रयास गरिएको बताइन् । उनका अनुसार अहिले जिल्लामा २२ जना खुलेर बाहिर आएको बताइन् । कार्यक्रम संस्थाकी संस्थापक अध्यक्ष सहिसना क्षेत्रीको अध्यक्षता, व्यवस्थापक सुमन थापाको सञ्चालनमा कार्यक्रम भएको थियो । संस्थाले सोमबार नै पारलैङ्गिक दृश्यताको अन्तरर्ष्ट्रिय दिवस परेकाले सोही कार्यक्रम गरेको जनाएको छ । उसले पञ्चेबाजासहित नगर परिक्रममा, सचेतनामूलक नाटक समेत देखाएको थियो ।

# पत्रकार हत्या...

... महासंघको माग एक साताभित्रै सम्बोधन हुने विश्वसनीय आधार निर्माण गर्न प्रमुख जिल्ला अधिकारीमार्फत सरकारसमक्ष आग्रह गर्दै माग सम्बोधन नभए महासंघ सरकारविरुद्ध आन्दोलनमा उत्रन बाध्य हुने समेत चेतनावनी दिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी सुवेदीले महासंघको माग जायज भएकाले गृहमन्त्रालयमार्फत सरकार समक्ष तत्काल ध्यानाकर्षण पत्र पठाईदिने बताए । उनले सरकारले सुरक्षा सतर्कता अपनाउँदा अपनाउँदै पनि घटना घट्नु दुखद् भएको उल्लेख गर्दै आफ्ना मागहरु शान्तिपूर्ण ढंगले राख्न पत्रकारहरुलाई आग्रह गरे । यही चैत १५ गते काठमाडौंको तीनकुनेमा भिडियो खिच्ने क्रममा पत्रकार रजकको आगोमा जलेर ज्यान गएको छ भने हिंसात्मक प्रदर्शनका क्रममा अराजक समूहले कान्तिपुर टेलिभिजन, अन्नपूर्णपोस्टका कार्यालयमा ढुंगामुढा गर्नुको साथै हिमालय टेलिभिजनको सवारी साधनमा तोडफोड गरी क्षति पुऱ्याएको थियो ।

पत्रकार दिनेश गौतममाथि आक्रमण गरी खुट्टा भाँचिएको छ भने फोटो पत्रकार निराज तामाङको म्यामेरा हराएको लगायतका घटनाप्रति महासंघ गम्भीर भएको जनाएको छ । उक्त घटनाप्रति पाल्पासहित देशैभरका महासंघका शाखाहरुले सरकारको धयानाकर्षण गराएका छन् ।

प्रदेश समितिहरूले प्रदेश सरकारका गृहमन्त्रीलाई ज्ञापन बुझाएका छन् भने जिल्ला शाखाहरूले प्रमुख जिल्ला अधिकारीमार्फत् एकसाथ सरकारलाई ज्ञापनपत्र बुझाउँदै प्रेस स्वतन्त्रताको सुनिश्चतता गर्न माग गरेका छन् ।

महासंघले शनिबारदेखि नै आन्दोलनका विभिन्न कार्यक्रम गर्दै आएको छ । जसअन्तर्गत सोमबार पत्रकारहरूले देशभरिबाट कालोपट्टि बाँधेर काम गरेका थिए भने शनिबार सडकमा प्रदर्शन गरेका थिए ।

## खेलकुद समाचार

# लायन्स कप पुरुष भलिबल पोखरामा हुने




**काठमाडौं**, चैत १८/लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा पोखरामा आगामी वैशाखमा अन्तर्राष्ट्रिय स्तरको लायन्स कप पुरुष भलिबल प्रतियोगिता हुँदैछ ।

आयोजकले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै प्रतियोगिता २०८२ वैशाख १८ देखि २२ गतेसम्म पोखरा रंगशालास्थित मल्टिपर्पोज हलमा हुने जानकारी दिएको हो । पोखरामा पहिलो पटक इन्डोर हलमा अन्तर्राष्ट्रिय स्तरको भलिबल हुन लागेको हो । लिगकम नकआउट फर्म्याटमा हुने प्रतियोगिता दुई समूहमा विभाजन गरेर खेलाइनेछ । शीर्ष दुई टिमबीच फाइनल हुनेछ । मानविय सेवा गर्ने कम्पनी लायन्स इन्टरनेशनलको स्थापनाको १०७ वर्ष र नेपालमा यसको स्थापना भएको ५३ वर्ष पूरा भएको अवसरमा नेपालको राष्ट्रिय खेल भलिबललाई प्रवर्द्धन गर्दै उद्देश्यले नेपालमा पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको लायन्स कप भलिबल आयोजना गर्न लागेको लायन्सका डिष्ट्रिक्ट गभर्नर चण्डीप्रसाद अर्यालले बताए ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्य प्रतितोला ११ सयले बढ्यो



**पाल्पा, चैत १८**/अन्तरराष्ट्रिय बजारमा भएको सुनको मूल्यवृद्धि, आकाशिदो डलर मूल्य, आन्तरिक माग व्यवस्थापनलगायत कारण स्थानीय बजारमा सुनको मूल्य हरेक दिन नयाँ उचाइ कायम गरिरहेको छ ।

गत शुक्रबार हालसम्मकै उच्च अंकको पुगेको सुनको मूल्य आइतबार पनि बढेको थियो । सोमबार फेरि नयाँ उचाइमा पुगेको छ । आइतबार प्रतितोला रू एक लाख ७६ हजार आठ सय कायम भएको सुनको मूल्य यस दिन तोलामा रू एक हजार एक सय बढेर रू एक लाख ७७ हजार नौ सय कामय भएको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ । त्यस्तै, यहि दिन चाँदीको मूल्य प्रतितोला रू १० बढेर रू दुई हजार ३५ पुगेको छ । अन्तरराष्ट्रिय बजारमा आज सुन प्रतिऔंस तीन हजार ११४ अमेरिकी डलर हाराहारीमा कारोबार भइरहेको छ ।


# रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

लक्ष्मण पाण्डे, प्रमुख प्रशासकीय अधिकृत
मीना देवी गौतम, उपाध्यक्ष
यदु ज्ञवाली, अध्यक्ष

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई